# मिति २०७७ साल पौष १६ गतेका लिखु गाउँकार्यपालिकाको बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समिक्षा सम्बन्धमा।
२. गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमका लागि सुपरिवेक्षक तथा गणकको पदपूर्ति सम्बन्धमा।
३. समपूरक तथा विशेष अनुदान प्राप्तिका लागि प्रस्ताव तथा सम्भाव्यता अध्ययन प्रतिवेदन सम्बन्धमा।
४. कार्यविधि तथा निर्देशिका स्वीकृती सम्बन्धमा।
५. कार्यविधि संशोधन स्वीकृती सम्बन्धमा।
६. नियमावली तथा कार्यविधी तर्जुमा सम्बन्धमा।
७. विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वियन भएको अवश्थामा अझ यसलाई थप प्रभावकारी रुपमा कार्यान्वियन गर्न सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम निर्देशिका, २०७५ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७७-०८-१४ च.नं. ४० को पत्रानुसार १ सुपरिवेक्षक र ३ गणक नियुक्ति गरिनुपर्ने भएको हुँदा देहाय बमोजिम खुला प्रतियोगिता द्वारा पदपूर्ति गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

| सि.नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग संख्या |
|---|---|---|---|---|
| १. | सुपरिवेक्षक | पाँचौ तह सो सरह | • तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा स्नातक तह उत्तीर्ण भएको<br>• कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको<br>• १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | १ जना |
| २. | गणक | चौथो तह सो सरह | • तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा प्रमाण पत्र तह उत्तीर्ण भएको | ३ जना |

| | | | | |
|---|---|---|---|---|
| | | | • कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको<br>• १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | |

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय सर्वसम्मत गरियो।

क) समपुरक अनुदान कार्यविधी, २०७५ र विशेष अनुदान कार्यविधी, २०७५ र राष्ट्रिय योजना आयोगको मिती २०७७-०८-३० गतेको सूचना बमोजिम देहायका योजना प्राथमिकता क्रम निर्धारण गरि पेश गर्ने।

| प्राथमिकता क्रम | समपूरक अनुदानका लागि पेश गरिने योजना | प्राथमिकता क्रम | विशेष अनुदानका लागि पेश गरिने योजना |
|---|---|---|---|
| १. | विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना | १. | स्वास्थ्य पूर्वाधार विकास आयोजना |
| २. | कुटिडाँडा गाम्नाङ्टार सडक आयोजना | २. | शैक्षिक पूर्वाधार विकास आयोजना |
| ३. | वडा कार्यालय भवन निर्माण आयोजना | | |
| ४. | प्रमुख प्रशासकीय भवन निर्माण आयोजना | | |

ख) निर्णय ३ (क) मा उल्लेख भएका आयोजनाको प्रस्ताव तथा सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत गर्ने। सो प्रस्ताव र सम्भाव्यता अध्ययन प्रतिवेदन यसै साथ संलग्न छ।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिकाको विधेयक समितिबाट मिति २०७७-८-३० गतेको कार्यपालिका बैठकमा पेश तथा प्रस्तुत भएका तपसील बमोजिमका कार्यविधि तथा निर्देशिकाहरु देहाय बमोजिम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

| सि.नं. | विवरण | पारित विधि | कैफियत |
|---|---|---|---|
| १. | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ | सर्वसम्मत | |
| २. | कन्टिन्जेन्सी खर्च रकम व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७७ | सर्वसम्मत | |
| ३. | सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धी कार्यविधि,२०७७ | सर्वसम्मत | |

५. **निर्णय नं. ५**, प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिकाको विधेयक समितिबाट मिति २०७७-८-३० गतेको कार्यपालिका बैठकमा पेश तथा प्रस्तुत भएका तपसील बमोजिमका संशोधन कार्यविधि देहाय बमोजिम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

| **सि.नं.** | **विवरण** | **पारित विधि** | **कैफियत** |
|---|---|---|---|
| १. | लिखु गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ को पहिलो संशोधन, २०७७ | सर्वसम्मत | |

६. **निर्णय नं. ६**, प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा पालिका स्तरीय हाटबजार व्यवस्थापन तथा सञ्चालन कार्यविधी, २०७७ र आर्थिक सहायता नियमावली, २०७७ को मस्यौदा छलफलका लागि सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

७. **निर्णय नं. ७**, प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा आवश्यकता अनुसार कार्यपालिकाको बैठक बस्ने सर्वसम्मतबाट निर्णय गरियो।